स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) को दफा ५.३.१ बमोजिम यस वर्दै गाउँपालिकाको स्थानीय स्रोत परामर्श समितिका संयोजक श्री सावित्री विश्वकर्मा ज्यूको संयोजकत्वमा बैठक बसी निम्नानुसारको निर्णयहरु गरियो।

उपस्थिति

श्री सावित्री विश्वकर्मा — संयोजक
श्री नविन कुमार मल्ल — सदस्य
श्री टेकराज विश्वकर्मा — "
श्री उषा रावत — "
श्री टिकाराम खत्री — सदस्य (इ.प्र.म.प्र.)
श्री युवराज कँडेल — सदस्य (लेखा अधिकृत)

आमन्त्रित

श्री भुवनेश्वर पाण्डेय — गा.पा. अध्यक्ष

उपस्थित कर्मचारी

श्री भुवन चन्द [illegible]

निर्णय नं. १

आगामी आ.व. ०७८/०७९ का लागि राजस्व परामर्श समितिले तयार गरेको प्रतिवेदन २०७८ स्वीकृत गर्ने निर्णय गरियो। साथै समितिले आगामी आ.व. ०७८/०७९ का लागि कर, दस्तुर, शुल्क लगायतको विद्यमान दररेटका आधारमा रु. १,६८,५०,०००/- (एक करोड अठसठ्ठी लाख पचास हजार) अनुमान गर्ने निर्णय गरियो।

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

अनुसूची-२

# बबई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ, लुम्बिनी प्रदेश

# आगामी आ.व. २०७८।०७९ को लागि राजश्व परामर्श समितिको प्रतिवेदन, २०७८

स्थानीय राजश्व परामर्श समिति
बबई गाउँपालिका

(दिग्दर्शनको दफा ५.२.१ संग सम्वन्धित)

अनुसूची २

बबई गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

हापुरे, दाङ, लुम्बिनी प्रदेश

# आगामी आ.व. २०७८।०७९ को लागि राजश्व परामर्श समितिको प्रतिवेदन, २०७८

## १. पृष्ठभूमी

नेपाल संघीय लोकतान्त्रीक गणतन्त्रतात्मक शासन पद्धतीमा राज्य संचालन भएको वर्तमान अवस्थामा नेपालको संविधानले प्रत्याभूत गरेका स्थानीय तहका अधिकार क्षेत्र र स्थानीय विकासका आधारभूत क्षेत्रहरुको प्रभावकारी कार्यान्वयनको माध्यमवाट मुलुकको समृद्धिको मार्ग प्रसस्त गर्नु आजको प्रमुख अभिभारा भएको छ । यस अभिभारालाई परिमाणमुखी बनाउन बबई गाउँपालिकाले सम्पादन गर्ने आर्थिक, भौतिक, सामाजिक र सांस्कृतिक विकासका कार्यहरुलाई स्थानीय जनताहरुकै सहभागिता र साझेदारीमा व्यवस्थित प्रभावकारी र समयवद्ध संचालन तथा व्यवस्थापनका लागि आधार तयार पार्नु अपरिहार्य छ । स्थानीय तहलाई प्राप्त अधिकार र आर्थिक समृद्धिको माध्यमवाट समग्र गाउँपालिकाको समृद्धिलाई प्रारम्भिक आधार निर्माण गर्ने उद्देश्यका साथ बबई गाउँपालिकाले आवधिक योजना समेत तयार गरि सोही वमोजिम विकासका योजना तथा कार्यक्रमहरुलाई संचालन तथा व्यवस्थापन गर्ने अठोट र प्रतिवद्धताका साथ कार्य गरिरहेको छ ।

“समृद्ध गाउँपालिका खुसी जनता” भन्ने नारालाई साकार पार्दै समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय कार्यभारलाई पुरा गर्नका लागि गाउँपालिकाको समृद्धि संग सम्वन्धित विकासका तमाम योजना/कार्यक्रम हरुको सफल कार्यान्वयन संग जोडिएको आन्तरिक आयलाई बलियो वनाउनु अहिलेको प्रमुख कर्तव्य हो । वर्तमान अवस्थामा आन्तरिक राजश्व न्यून रहेको कारण दैनिक प्रशासनिक खर्च धान्न सक्ने अवस्था नरहेको, उपभोक्ताहरुले लागत सहभागिता गर्न नसकेको, संस्थागत रुपमा समेत लागत सहभागिता र साझेदारी न्यून रहेको, आन्तरिक श्रोतको पहिचान र resource mapping को अभाव रहेको, उद्योग, व्यापार तथा व्यववसायिक प्रतिष्ठान र सर्वसाधारणहरु समग्रमा करको दायरामा आई नसकेको अवस्था छ ।

उपरोक्त समस्याहरुको सहज समाधान गर्दै आन्तरिक आयको हिसावले एक सवल, सक्षम गाउँपालिका स्थापित गर्न कर तथा राजश्वका सम्भाव्य सवै दायराको खोजि र विस्तार गर्न तथा सवै सरोकारवालाहरुलाई आन्तरिक आय आर्जनमा सहभागी गराएर गाउँपालिका प्रतिको जनविश्वासमा वढोत्तरी ल्याउदै स्थानीय कर संकलनलाई मजवुद गराउँदै लैजानुपर्ने अवस्था छ । हाल देशमा कोभिड १९ को कारण निषेधाज्ञा भएवाट पर्याप्त मात्रामा राजश्व संकलन गर्न असहज अवस्था भएता पनि आगामी आ.व. २०७८।०७९ मा सहज हुने अनुमानलाई दृष्टिगत गर्दै कर संकलनलाई प्रभावकारी वनाई स्थानीय आय मजवुद वनाउदै लैजानुपर्ने वाध्यता छ ।

## २. ऐतिहासिक पृष्ठभुमी :

नेपाल आर्थिक र भौतिक पूर्वाधारका हिसावले विश्वमा एक विकासोन्मुख, कम शहरीकरण भएको र भुपरिवेष्ठित मुलुकको रुपमा परिचित छ। नेपाल प्राकृतिक मनोरम र सम्पदाको हिसावले धेरै महत्वपूर्ण देशको रुपमा विश्वमान चित्रमा चिर परिचित छ। वर्तमान अवस्थामा संघीय लोकतान्त्रिक गणतन्त्रको रुपमा स्थापित भई सकेको यो देशको एकिकरण पूर्वको ईतिहास करिव २५०० वर्ष पुरानो छ। नेपालको एकिकरण पछिका विभिन्न कालखण्डमा फरक फरक राजनितिक आस्था र अवस्था संग नेपालको ईतिहास सिर्जना भएको भएता पनि वित्तिय व्यवस्थापन र परिचालनको अवस्थाको अध्ययन गर्दा नेपाल सरकार वैधानिक कानुन, २००४ मा पञ्चायती सभा अन्तरगत ग्राम, नगर र जिल्ला पञ्चायतको संवैधानिक व्यवस्था रहेको पाईन्छ। नेपाल सरकार वैधानिक कानुन, २००४ कार्यान्वयनमा नआएको भएता पनि संवैधानिक रुपमै ग्राम, नगर र जिल्ला पञ्चायतको व्यवस्था हुनु तथा तिनले गर्ने काम कारवाहीका क्षेत्र समेतको परिकल्पना गर्न विकेन्द्रीकरणको मर्म र भावनालाई तत्कालीन राणा शासकले समेत स्वीकार्न खोजेको अनभुत गर्न सकिन्छ।

नेपाल विकासको ऐतिहासिक क्रम संगै सरकारले जिल्ला पञ्चायतलाई दिएको अनुदानको आधा हिस्सा ग्राम र नगर पञ्चायतलाई दामासाहीले वाड्नुपर्ने र खर्च गर्नुपर्ने तथा नगर पञ्चायत ऐन, २००६ जारी हुँदा नगरपालिकाहरुलाई घर जग्गामा वार्षिक कर लिने, घर जग्गा वहाल कर, व्यवसाय कर, सवारी दस्तुर, पानी कर, सार्वजनिक सम्पती(वाटो, पुल, अस्पताल, आदी कर) साथै नक्सा पासका वारेमा समेत उल्लेख गर्नुले स्थानीय स्तरमा आय आर्जनका खुटकिलाहरुको व्यवस्थापन गर्न थालेको पाईन्छ। नेपाल सरकार अन्तरिम शासन विधान, २००७ ले राज्यले ग्राम पञ्चायतहरु खडा गरि तिनलाई स्वायत्त शासित संस्थाको रुपमा काम गर्न आवश्यक अधिकार दिनुपर्ने कुराको सिफारिस गर्नु, २००९ सालमा गठित वुच कमिसनले अधिकार प्रत्यायोजन र विकेन्द्रीकरणको आवश्यकता औल्याउँनु, २०१३ सालमा गठित टंक प्रसाद आचार्य संयोजकत्वको प्रशासन पुर्नगठन योजना आयोगले प्रशासनिक विकेन्द्रीकरणका लागि जिल्ला, गाउँ र ब्लकको सिफारिस गर्नु, वि.सं. २०१९ सालमा नगर पञ्चायतलाई घरधुरी कर र वहाल कर लगाउने अधिकार दिईनु, २०२२/०२३ सालमा स्थानीय कर पुनरावलोकन गरिनु, आ.व.२०३३/०३४ मा व्यापार कर ०.५ प्रतिशत लिन पाउने व्यवस्था गरिनु साथै उक्त व्यापार करलाई २०४५ सालमा चुंगीकरको रुपमा स्थापित गरि १ प्रतिशत पुऱ्याएर स्थानीय तहलाई आर्थिक सवलिकरण तर्फ उन्मुख गराउनु नेपालको ईतिहासमा राजश्व परिचालनका प्रमुख मार्गहरुको रुपमा चित्रित गर्न सकिन्छ।

वि.सं. २०३२ सालमा गठित प्रशासन सुधार आयोग समेतको सिफारिसका आधारमा विकेन्द्रीकरण ऐन, २०३९ जारी गरि स्थानीय निकायहरुलाई जिल्ला स्तरिय विकास कार्यको संचालन गर्ने उत्तरदायित्व तत्कालिन स्थानीय पञ्चायतको हुने र विकास संग सम्वन्धित कृषि, शिक्षा, स्वास्थ्य, वन आदी मन्त्रालयका जिल्ला स्तरिय कार्यालयहरु जिल्ला पञ्चायत सचिवालयका शाखाको रुपमा स्थापित हुने व्यवस्था गरेको थियो। उक्त काम सम्पादन गर्न स्थानीय निंकायहरुलाई कर, दस्तुर, शुल्क लगाउने अधिकार यस ऐनले प्रदान गरेको थियो भने गाउँ तथा नगर स्तरमा पञ्चायत विकास तथा जग्गा कर

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल

सर्व संचित कोषमा ५ प्रतिशत जिल्ला पञ्चायतमा १२ प्रतिशत र बाँकी सम्वन्धित गाउँ तथा नगरलाई दिने व्यवस्था गरेको पाईन्छ ।

वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनः स्थापना पश्चात स्थानीय निकायलाई थप सुदृढ बनाउन साविकका गाउँ, नगर तथा जिल्ला पञ्चायत ऐनलाई खारेज गरि गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति ऐन, २०४८ जारी गरियो । यी ऐनहरुमा स्थानीय निकायहरुलाई विभिन्न करहरु लगाउने क्षेत्राधिकारको व्यवस्था गरिएको थियो । तत्कालिन प्रधानमन्त्री गिरिजा प्रसाद कोईरालाको अध्यक्षतामा गठित उच्च स्तरिय प्रशासन सुधार आयोग, २०४८ ले केन्द्रीय सरकारले स्थानीय निकायलाई अधिकार, कार्य जिम्मेवारी र स्रोत साधन निक्षेपण गर्न सिफारिस गरेको, आ.व. २०५३।०५४ देखी मालपोत उठाउने अधिकार गाउँ विकास समिति र नगरपालिकाहरुलाई दिईएको, वि.सं. २०५३ सालमा शेर बहादुर देउवाको अध्यक्षतामा गठित उच्च स्तरिय विकेन्द्रीकरण समन्वय समितिको प्रतिवेदन अनुसार स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ व्यवस्था गरिनुले नेपालको संवैधानिक विकासक्रम संगै प्रजातन्त्रको पुर्नस्थापना सम्म आईपुग्दा स्थानीय सरकार संचालन र व्यवस्थापनका लागि आवश्यक अन्तरिम राजश्वको व्यवस्थापनका लागि समयानुकुल करका दर र दायराहरुलाई फराकिलो पार्दै स्थानीय तहलाई आत्मनिर्भर वनाउने तर्फ प्रयासहरु भईरहेको देखिन्छ ।

साविकका स्थानीय निकायहरुलाई स्वायत्तताको हिसावले क्षमतावान वनाउन अधिकार निक्षेपणको सिद्धान्तका आधारमा राजश्वका स्रोत तथा राजश्व वाडफाडका विषयलाई थप गरि एकिकृत रुपमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ मार्फत साविक स्थानीय निकायलाई अधिकार सम्पन्न गरिनुपर्ने आवश्यकतालाई केही हद सम्म संकुचन गर्दै केन्द्रवाट राजश्व वाँडफाँड , घरजग्गा रजिष्ट्रेसन, विद्युत रोयल्टी आदी तल्लो तह गाउँ विकास समिति तथा नगरपालिकामा बाँडफाँड गर्नुपर्ने व्यवस्था नगरेपनि जिल्लाले सम्वन्धित नगरपालिकाका क्षेत्रवाट उठाएको उन, खोटो, जडिवुटि, कवाडि माल, ढुंगा, स्लेट, वालुवा तथा प्रचलित कानुनले निषेध नगरिएका मृत जिव जन्तुको हाड सिंग, खुर आदी वाट संकलित रकमको ३५ देखी ५० प्रतिशत सम्वन्धित गाउँ विकास समिति र नगरपालिका लाई दिनुपर्ने व्यवस्था गरेको पाईन्छ । यति मात्र होईन स्थानीय निकायलाई ऐनले तोकी दिएका जिम्मेवारीहरु पुरा गर्न हरेक वर्ष नेपाल सरकारवाट सशर्त र निशर्त अनुदान उपलब्ध गराउने समेतको व्यवस्था गरिएको थियो । यस्तो अनुदान वाहेक खानी, वन, विद्युत, पर्यटन, रजिष्ट्रेसन जस्ता क्षेत्रवाट संकलित राजश्वको निश्चित प्रतिशत स्थानीय निकायलाई दिने समेतको व्यवस्था देखिन्छ ।

वर्तमान संविधान २०७२ को कार्यान्वयनले संघीय संरचना स्थापित गरी संघ, प्रदेश, र स्थानीय गरि ३ तहको सरकारको व्यवस्था गरिसकेको सन्दर्भमा सो अधिकार समेत स्थानीय तहमा नै हस्तान्तरण गरिनुले वर्तमान स्थानीय तह अधिकार सम्पन्न भई स्थानीय सरकारको रुपमा स्थापित हुने क्रमको शुरुवात भएको छ भने संविधान प्रदत्त अधिकारको प्रयोग र व्यवस्थापनको माध्यमवाट स्थानीय ऐन र नियमको समेत तर्जुमा गरि स्थानीय तह आफैले संकलन गर्न पाउने कर तथा राजश्वका क्षेत्रलाई थप फराकिलो र वैज्ञानिक वनाउदै क्षमतावान स्थानीय सरकारको रुपमा स्थापित र विकसित गर्न अझ प्रयास गर्नुपर्ने आवश्यकता देखिन्छ । यति मात्र होईन वर्तमान अवस्थामा देखिएका नीतिगत एवं व्यवहारिक कठिनाई तथा समस्याहरुको क्रमिक रुपमा निराकरण गर्दै स्थानीय तहको आन्तरिक श्रोत

परिचालनको अवस्थालाई अझ वढि व्यवहारिक, न्यायोचित र पूर्वानुमानयोग्य वनाउन यसका प्रमुख आधारहरुलाई सहभागितामुलक प्रक्रियावाट अध्ययन तथा विश्लेषण गरि नतिजाको आधारमा आवश्यक कार्यान्वयन योग्य नीति तर्जुमा र संस्थागत गर्न थप प्रयासको आवश्यकता छ ।

राज्यको पुर्नसंरचना संगै वदलिएको वर्तमान परिवेशमा संघीय सरकार तथा प्रदेश सरकारले स्थानीय तहले पालना गर्नुपर्ने न्यूनतम शर्तहरु तथा उनिहरुको कार्यसम्पादन क्षमताको आधारमा उपलव्ध गराउने अनुदान समेतलाई नियमित गर्ने वातावारणको थप विकास भएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को कार्यान्वयन संगै स्थानीय तहले आन्तरिक आय आर्जनका स्रोतहरुको पहिचान क्षेत्र विस्तार र सबै करदाताहरुको सहभागिताको सुनिश्चितता बाट वार्षिक रुपमा आय वृद्धि र वाह्य अनुदान तथा कानुन वमोजिम ऋण तथा सापटी समेतको माध्यमवाट स्थानीय तहको समृद्धिको मार्ग व्यवस्थित गर्ने वाटो प्रसस्त भएको छ । यस बबई गाउँपालिकाका जनप्रतिनिधी, राजश्व परामर्श समिति लगायतका सरोकारवाला संग व्यक्तिगत तथा सामुहिक रुपमा परामर्श छलफल गरि यस प्रतिवेदनमा प्रस्ताव गरिए वमोजिमका दर रेटहरु कायम गर्न एवं प्राप्त सुझावहरु कार्यान्वयन गर्न सके बबई गाउँपालिका लाई दरिलो आन्तरिक एवं वाह्य स्रोत साधन युक्त गाउँपालिका रुपमा स्थापित गर्न सकिने छ ।

## ३. राजश्वको मौजुदा अवस्थाको विश्लेषण

बबई गाउँपालिका स्थापना भए पश्चात स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार राजश्वका अधिकार प्रयोग गर्ने सन्दर्भमा चालु आ.व. २०७७।०७८ मा कुल आन्तरिक आय वापत रु. ३,४०,००,०००। (अक्षेरुपी तिन करोड चालिस लाख) अनुमानित गरिएकोमा २०७८ जेठ १५ सम्ममा ९४,००,६९१।७९ (अक्षेरुपी चौरानव्वे लाख छ सय एकान्व्वे रुपैंया उनासी पैसा) रकम मात्र संकलन भएको अवस्था छ । मुलुकमाा हाल कोभिड १९ को संक्रमणको अवस्था विद्यमान रहेको र सो वाट अझै पनि व्यापार व्यवसायहरु राम्रो संग संचालन हुन नसकेको हुँदा अनुमान गरिएको राजश्व संकलन हुन सक्ने अवस्था देखिदैन ।

यसका लागि करदाता शिक्षा, प्रचार प्रसार एवं कर तिर्नका लागि समय समयमा विभिन्न सूचनाहरु जारी गर्नुपर्ने देखिन्छ । साथै घुम्ती कर टोली समेत खटाई कर संकलन गर्न सके अनुमान गरेको राजश्व उठाउन सकिने अवस्था रहन्छ । उल्लेखित अवस्थालाई मध्यनजर गर्दै राजश्वका शिर्षकगत रुपमा विश्लेशन गरि तपसिल अनुसार आगामी आ.व. २०७८।०७९ का लागि राजश्वको अवस्था विश्लेषण गरि सुझाव प्रदान गरिएको छ ।

## ४. करका आधारहरु

- गत विगत वर्षहरुमा संकलन भएको राजश्व रकम, दर र दायरा
- स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार र सो अनुसार व्यवस्था भएका कर सम्वन्धी अधिकारहरु
- नेपाल सरकारवाट राजश्व संकलन सम्वन्धमा समय समयमा दिएको निर्देशनहरु
- प्रदेश सरकारवाट जारी भएका ऐन, नियम, निर्देशिकाहरु

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## ५. आगामी आ.व. २०७८।०७९का लागि प्रस्तावित कर तथा गैर करका राजश्व दर

आन्तरिक स्रोतवाट हुने अनुमानित आय विवरणहरु

| आ.व. २०७८।०७९ का लागि आन्तरिक आयको प्रस्तावित प्रक्षेपणको संक्षिप्त विवरण | | | | | |
|---|---|---|---|---|---|
| आय स्रोतका क्षेत्र | आ.व. २०७६।०७७ को यथार्थ | आ.व. २०७७।०७८ को अनुमान | आ.व. २०७७।०७८ जेठ १९ सम्मको यथार्थ | आ.व. २०७८।०७९ को अनुमान | कैफियत |
| सम्पती कर | ५४१८५ | ९००००० | ० | ५००००० | |
| भूमिकर/मालपोत | १७९६९०२.५९ | २६५०००० | १३२५०१६.१० | २६५०००० | |
| घरवहाल कर | २५७२० | ५५०००० | ९५६९९.९९ | २००००० | |
| बहाल विटौरी कर | ० | ५००००० | ४४२२९७०.९८ | २५००००० | |
| कृषि तथा पशुजन्य बस्तुको व्यवसायीक कारोवारमा लाग्ने कर | ० | १००००० | ० | १००००० | |
| अन्य कर | २४७१२० | १२५०००० | २६३६३८.७२ | ५००००० | |
| पर्यटन शुल्क | ० | ८००००० | ० | १००००० | |
| पार्किङ शुल्क | ० | ५००००० | ० | ५००००० | |
| नक्सापास दस्तुर | ० | ६०००००० | ० | २०००००० | |
| सिफारिस दस्तुर | ११४८४२१.५० | ४०००००० | १४६१३८३ | २०००००० | |
| अन्य क्षेत्रको आय | ११८९६७१४.०५ | १३०००००० | १८३१६८८ | ६०००००० | |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | २४०५०० | १२५०००० | २९५ | ३००००० | |
| व्यवसाय कर | २२२८४८ | २५००००० | ० | ५००००० | |
| **कुल जम्मा** | १५६३२४११.१४ | ३४०००००० | ९४००६९१.७९ | १७८५०००० | |

माथि उल्लेखित राजश्वका शीर्षकहरुमा उल्लेख भए अनुसारका राजश्वको कुल

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

अनुमानित रकम देहाय अनुसारका शिर्षकहरुवाट संकलन हुने अनुमान गरिएको छ।

अनुसुचि १

(दफा (२) सँग सम्बन्धित)

**सम्पती कर (वार्षिक)**

| राजस्व संकेत नं. | सेवाका प्रकार तथा विवरण | आ.व.२०७८/०७९ का लागि अनुमानित दररेट | कैफियत |
|---|---|---|---|
| ११३११ | कच्चि घर (खर)को घर कर | १०० | |
| ११३११ | कच्चि घर (जस्तापाता वा खपटा वा टायल)को घर कर | १५० | |
| ११३११ | पक्की घरको घर कर प्रति कोठा | १०० | |

अनुसूचि २

(दफा (३) सँग सम्बन्धित)

**भूमि कर (वार्षिक)**

| राजस्व संकेत नं. | सेवाका प्रकार तथा विवरण | आ.व.२०७८/०७९ का लागि अनुमानित दररेट | भूमि कर प्रति कट्ठा रु |
|---|---|---|---|
| ११३१४ | भूमि कर (हापुरे,पूर्व हापुरे,खिलतपुर,कौसिलापुर बजार क्षेत्र र सर्खेत रोड) | १ विगाहसम्म | ३५ |
| ११३१४ | भूमि कर (हापुरे,पूर्व हापुरे,खिलतपुर,कौसिलापुर बजार क्षेत्र र सर्खेत रोड) | एक विगाहदेखि दुई विगाहसम्म | ४० |
| ११३१४ | भूमि कर (हापुरे,पूर्व हापुरे,खिलतपुर,कौसिलापुर बजार क्षेत्र र सर्खेत रोड) | दुई विगाहदेखि चार विगाह सम्म | ५५ |
| ११३१४ | भूमि कर (हापुरे,पूर्व हापुरे,खिलतपुर,कौसिलापुर बजार क्षेत्र र सर्खेत रोड) | चार विगाह देखि छ विगाह सम्म | ८० |
| ११३१४ | भूमि कर (हापुरे,पूर्व हापुरे,खिलतपुर,कौसिलापुर बजार क्षेत्र र सर्खेत रोड) | छ विगाहदेखि दश विगाहसम्म | १०० |
| ११३१४ | भूमि कर (हापुरे,पूर्व हापुरे,खिलतपुर,कौसिलापुर बजार क्षेत्र र सर्खेत रोड) | दश विगाहदेखि माथि | १२० |
| ११३१४ | भूमि कर ( हापुरे,पदमपुर,धनखन्ने,कञ्चनपुर,बगरेतरा,डाँडा,ठाँटीखोला, हस्तनापुर,खिलतपुर,कौसिलापुर,पंचकुले क्षेत्र खेतीयोग्य जमिन) | एक विगाहसम्म | ३० |
| ११३१४ | भूमि कर ( हापुरे,पदमपुर,धनखन्ने,कञ्चनपुर,बगरेतरा,डाँडा,ठाँटीखोला, हस्तनापुर,खिलतपुर,कौसिलापुर,पंचकुले क्षेत्र खेतीयोग्य जमिन) | एक विगाहदेखि दुई विगाहसम्म | ३५ |

कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ११३१४ | भूमि कर ( हापुरे,पदमपुर,धनखन्ने,कञ्चनपुर,बगरेतरा,डाँडा,ठाँटीखोला, हस्तनापुर,खिलतपुर,कौसिलापुर,पंचकुले क्षेत्र खेतीयोग्य जमिन) | दुई विगाहदेखि चार विगाह सम्म | ५० |
| ११३१४ | भूमि कर ( हापुरे,पदमपुर,धनखन्ने,कञ्चनपुर,बगरेतरा,डाँडा,ठाँटीखोला, हस्तनापुर,खिलतपुर,कौसिलापुर,पंचकुले क्षेत्र खेतीयोग्य जमिन) | चार विगाह देखि छ विगाह सम्म | ७५ |
| ११३१४ | भूमि कर ( हापुरे,पदमपुर,धनखन्ने,कञ्चनपुर,बगरेतरा,डाँडा,ठाँटीखोला, हस्तनापुर,खिलतपुर,कौसिलापुर,पंचकुले क्षेत्र खेतीयोग्य जमिन) | छ विगाहदेखि दश विगाहसम्म | ९५ |
| ११३१४ | भूमि कर ( हापुरे,पदमपुर,धनखन्ने,कञ्चनपुर,बगरेतरा,डाँडा,ठाँटीखोला, हस्तनापुर,खिलतपुर,कौसिलापुर,पंचकुले क्षेत्र खेतीयोग्य जमिन) | दश विगाहदेखि माथि | ११० |
| ११३१४ | भूमि कर (सुपारे,हंसपुर,पिसिओ चोक,पतारे,बगाले बजार क्षेत्र र सुर्खेत सडक क्षेत्र) | एक विगाहसम्म | ३० |
| ११३१४ | भूमि कर (सुपारे,हंसपुर,पिसिओ चोक,पतारे,बगाले बजार क्षेत्र र सुर्खेत सडक क्षेत्र) | एक विगाहदेखि दुई विगाहसम्म | ३५ |
| ११३१४ | भूमि कर (सुपारे,हंसपुर,पिसिओ चोक,पतारे,बगाले बजार क्षेत्र र सुर्खेत सडक क्षेत्र) | दुई विगाहदेखि चार विगाह सम्म | ४० |
| ११३१४ | भूमि कर (सुपारे,हंसपुर,पिसिओ चोक,पतारे,बगाले बजार क्षेत्र र सुर्खेत सडक क्षेत्र) | चार विगाह देखि छ विगाह सम्म | ४५ |
| ११३१४ | भूमि कर (सुपारे,हंसपुर,पिसिओ चोक,पतारे,बगाले बजार क्षेत्र र सुर्खेत सडक क्षेत्र) | छ विगाहदेखि दश विगाहसम्म | ५० |
| ११३१४ | भूमि कर (सुपारे,हंसपुर,पिसिओ चोक,पतारे,बगाले बजार क्षेत्र र सुर्खेत सडक क्षेत्र) | दश विगाहदेखि माथि | ६० |
| ११३१४ | भूमि कर (सुपारे,हंसपुर,पिसिओ चोक,पतारे,बगाले,सितापुर घट्टेखोला,रामपुर,सुन्दरखाल,ववरपुर,जलुके,खयरभट्टी,हुरुम खेतीयोग्य जमिन क्षेत्र) | एक विगाहसम्म | २० |
| ११३१४ | भूमि कर (सुपारे,हंसपुर,पिसिओ चोक,पतारे,बगाले,सितापुर घट्टेखोला,रामपुर,सुन्दरखाल,ववरपुर,जलुके,खयरभट्टी,हुरुम खेतीयोग्य जमिन क्षेत्र) | एक विगाहदेखि दुई विगाहसम्म | २५ |
| ११३१४ | भूमि कर (सुपारे,हंसपुर,पिसिओ चोक,पतारे,बगाले,सितापुर घट्टेखोला,रामपुर,सुन्दरखाल,ववरपुर,जलुके,खयरभट्टी,हुरुम खेतीयोग्य जमिन क्षेत्र) | दुई विगाहदेखि चार विगाह सम्म | ३५ |
| ११३१४ | भूमि कर (सुपारे,हंसपुर,पिसिओ चोक,पतारे,बगाले,सितापुर घट्टेखोला,रामपुर,सुन्दरखाल,ववरपुर,जलुके,खयरभट्टी,हुरुम खेतीयोग्य जमिन क्षेत्र) | चार विगाह देखि छ विगाह सम्म | ४० |
| ११३१४ | भूमि कर (सुपारे,हंसपुर,पिसिओ चोक,पतारे,बगाले,सितापुर घट्टेखोला,रामपुर,सुन्दरखाल,ववरपुर,जलुके,खयरभट्टी,हुरुम खेतीयोग्य जमिन क्षेत्र) | छ विगाहदेखि दश विगाहसम्म | ४५ |

| | | | |
|---|---|---|---|
| ११३१४ | भूमि कर (सुपारे,हंसपुर,पिसिओ चोक,पतारे,बगाले,सितापुर घट्टेखोला,रामपुर,सुन्दरखाल,ववरपुर,जलुके,खयरभट्टी,हुरम खेतीयोग्य जमिन क्षेत्र) | दश विगाहदेखि माथि | ५५ |
| ११३१४ | भूमि कर (तीनखारा,तिते,लसुने, पागर,राक्से , वडा नं. १ र पहाडी क्षेत्र खेतीयोग्य जमिन क्षेत्र) | एक विगाहसम्म | १५ |
| ११३१४ | भूमि कर (तीनखारा,तिते,लसुने, पागर,राक्से , वडा नं. १ र पहाडी क्षेत्र खेतीयोग्य जमिन क्षेत्र) | एक विगाहदेखि दुई विगाहसम्म | १८ |
| ११३१४ | भूमि कर (तीनखारा,तिते,लसुने, पागर,राक्से , वडा नं. १ र पहाडी क्षेत्र खेतीयोग्य जमिन क्षेत्र) | दुई विगाहदेखि चार विगाह सम्म | २० |
| ११३१४ | भूमि कर (तीनखारा,तिते,लसुने, पागर,राक्से , वडा नं. १ र पहाडी क्षेत्र खेतीयोग्य जमिन क्षेत्र) | चार विगाह देखि छ विगाह सम्म | २५ |
| ११३१४ | भूमि कर (तीनखारा,तिते,लसुने, पागर,राक्से , वडा नं. १ र पहाडी क्षेत्र खेतीयोग्य जमिन क्षेत्र) | छ विगाहदेखि दश विगाहसम्म | ३० |
| ११३१४ | भूमि कर (तीनखारा,तिते,लसुने, पागर,राक्से , वडा नं. १ र पहाडी क्षेत्र खेतीयोग्य जमिन क्षेत्र) | दश विगाहदेखि माथि | ३५ |
| ११३१४ | भूमि कर जरिवाना शुल्क वार्षिक | | १० प्रतिशत |

अनुसूचि ३

(दफा (४) सँग सम्बन्धित)

**घरजग्गा बहाल कर (वार्षिक)**

| राजस्व संकेत नं. | सेवाका प्रकार तथा विवरण | आ.व.२०७८/०७९ का लागि अनुमानित दररेट | कैफियत |
|---|---|---|---|
| 11321 | घरजग्गा बहाल कर | १०% | |

अनुसूचि ४

(दफा (५) सँग सम्बन्धित)

**व्यवसाय कर (वार्षिक)**

| राजस्व संकेत नं. | विवरण | ईकाई | आ.व.०७७।०७८ को स्वीकृत दर्ता,नवीकरण तथा वार्षिक दर |
|---|---|---|---|
| 11613 | मदिरा डिलर | प्रति डिलर | ३०००।- |
| 11613 | मदिरा पसल खुद्रा | प्रति पसल | १०००।- |
| 11613 | सुनचाँदीका गहना पसल | प्रति पसल | २०००।- |
| 11613 | नेपाल सरकारका पूर्ण स्वामित्वमा रहेका बाहेक क वर्गका बाणिज्य बैंकहरु | प्रति वर्ष | १००००।- |
| 11613 | ख वर्गका विकास बैक | प्रति वर्ष | ८०००।- |

| | | | |
|---|---|---|---|
| 11613 | ग वर्गका  वैक | प्रति वर्ष | ६०००।- |
| 11613 | घ वर्गका  वैक | प्रति वर्ष | ४०००।- |
| 11613 | लघु वित्त  बैंक | प्रति वर्ष | ४०००।- |
| 11613 | मनि ट्रान्सफर | प्रति वर्ष | २०००।- |
| 11613 | विमा कम्पनी | प्रति वर्ष | ५०००।- |
| 11613 | सहकारी संस्था (बचत तथा ऋण ) | प्रति वर्ष | १०००।- |
| 11613 | हल सहित व्यवस्थित गेष्ट हावस | प्रति वर्ष | २०००। |
| 11613 | साधारण होटल | प्रति वर्ष | १०००। |
| 11613 | चिया नास्ता पसल | प्रति वर्ष | ५००। |
| 11613 | ट्राभल्स एजेन्सी शाखा | प्रति वर्ष | १०००। |
| 11613 | साना मिष्ठान  पसल | प्रति वर्ष | ५००। |
| 11613 | सबै किसिमका मासु पसल | प्रति वर्ष | ५००।- |
| 11613 | पोलिक्निक (सम्पूर्ण सेवा प्रदान गर्ने)प्रा.लि. | प्रति वर्ष | ३०००।- |
| 11613 | मेडिकल पसल | प्रति वर्ष | १०००।- |
| 11613 | संस्थागत विधालय शिशु | प्रति वर्ष | ५०००।- |
| 11613 | संस्थागत विधालय आधारभुत स्तरका विद्यालय  (१-८) | प्रति वर्ष | ८०००।- |
| 11613 | संस्थागत विधालय मा.वि.स्तरका (९-१२) | प्रति वर्ष | १२०००।- |
| 11613 | संस्थागत क्याम्पसस्तर | प्रति वर्ष | २००००/- |
| 11613 | संस्थागत विद्यालय ठाँउसारी | | ५०००।- |
| 11613 | संस्थागत विद्यालयको कक्षा थप | प्रति कक्षा | ५०००।- |
| 11613 | टेक्नीकल इन्स्टीच्युट | प्रति विधा | ५०००।- |
| 11613 | कम्प्युटर प्रशिक्षण केन्द्र | प्रति वर्ष | २०००।- |
| 11613 | अनुसन्धान कर्ता र परामर्शदाता (नक्सा डिजाइनर) | प्रति वर्ष | २०००।- |
| 11613 | सामान ढुवानी कर्ता तथा कम्पनी | प्रति वर्ष | २०००। |
| 11613 | क श्रेणीका निर्माण व्यवसायी | प्रति वर्ष | १५०००। |

| | | | |
|---|---|---|---|
| 11613 | ख श्रेणीका निर्माण व्यवसायी | प्रति वर्ष | १००००। |
| 11613 | ग श्रेणीका निर्माण व्यवसायी | प्रति वर्ष | ८०००। |
| 11613 | घ श्रेणीका निर्माण व्यवसायी | प्रति वर्ष | ५०००। |
| 11613 | खाद्य उद्योग | प्रति वर्ष | २०००। |
| 11613 | चिउरा उद्योग | प्रति वर्ष | १०००। |
| 11613 | पाउरोटी उद्योग | प्रति वर्ष | १०००। |
| 11613 | चाउमिन उद्योग | प्रति वर्ष | १०००। |
| 11613 | मसला पिस्ने उद्योग | प्रति वर्ष | १०००। |
| 11613 | सिमेन्टका ब्लग, रीङ,टायल आदी उद्योग | प्रति वर्ष | २०००। |
| 11613 | ह्युम पाईप, पोल वनाउने उद्योग | प्रति वर्ष | १००००। |
| 11613 | गार्मेन्ट उद्योग | प्रति वर्ष | २०००। |
| 11613 | गलैचा उद्योग | प्रति वर्ष | ५०००। |
| 11613 | मिनरल वाटर उत्पादन गर्ने उद्योग | प्रति वर्ष | २००००/- |
| 11613 | ग्रिल,सटर,ट्रस बनाउने उद्योग | प्रति वर्ष | २०००। |
| 11613 | दालमोठ उद्योग | प्रति वर्ष | १०००। |
| 11613 | डेरी उद्योग | प्रति वर्ष | १०००। |
| 11613 | काठ चिरान सम्बन्धित काम गर्ने स.मिल | प्रति वर्ष | ५०००। |
| 11613 | फर्निचर उत्पादन गर्ने पसल | प्रति वर्ष | २०००। |
| 11613 | फर्निचर स्वरुम पसल | प्रति वर्ष | २०००। |
| 11613 | पानी मिल | प्रति वर्ष | १०००। |
| 11613 | बाह्रै महिना चल्ने पानी घट्ट | प्रति वर्ष | ६००। |
| 11613 | नौ महिना चल्ने पानी घट्ट | प्रति वर्ष | ४००। |
| 11613 | छ महिना चल्ने पानी घट्ट | प्रति वर्ष | ३००। |
| 11613 | तिन महिना चल्ने पानी घट्ट | प्रति वर्ष | १५०। |
| 11613 | खनिज/ उत्खनन वन प्रसोधन गर्ने उद्योग व्यवसाय | प्रति वर्ष | ५०००। |

गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| 11613 | फोटो स्टुडियो | प्रति वर्ष | १०००।- |
| 11613 | कृषि तथा पशुपादन व्यवसाय व्यक्तिगत | प्रति वर्ष | ५००।- |
| 11613 | कृषि तथा पशुपालन व्यवसाय सहकारी | प्रति वर्ष | १०००।- |
| 11613 | सम्पूर्ण ईलेक्ट्रोनिक्स विक्री पसल | प्रति वर्ष | १०००।- |
| 11613 | टेन्ट तथा साउण्ड सिस्टम भाडामा दिने व्यवसायीहरु | प्रति वर्ष | २०००।- |
| 11613 | हार्डवयर पसल | प्रति वर्ष | ५०००। |
| 11613 | साइवर संचालन गर्ने | प्रति वर्ष | १०००।- |
| 11613 | मोबाईल पसल | प्रति वर्ष | १०००।- |
| 11613 | पेट्रोल पम्प | प्रति वर्ष | ५०००। |
| 11613 | किराना पसल | प्रति वर्ष | ५००।- |
| 11613 | गल्ला तथा खाद्यान्न पसल | प्रति वर्ष | १०००।- |
| 11613 | बिभिन्न सवारी साधनका पार्टस बिक्री गर्ने | प्रति वर्ष | २०००।- |
| 11613 | गाडीका टायर मर्मत तथा हावा भर्ने | प्रति वर्ष | ५००। |
| 11613 | मोटर साइकल बिक्रेता | प्रति वर्ष | ५०००। |
| 11613 | अफसेट प्रेस भएका छापाखाना | प्रति वर्ष | २०००।- |
| 11613 | साधारण छापाखाना | प्रति वर्ष | १०००।- |
| 11613 | स्टेसनरी पसल | प्रति वर्ष | १०००।- |
| 11613 | ट्रान्सपोर्ट (ढुवानी सेवा) | प्रति वर्ष | २०००।- |
| 11613 | व्यवसायिक व्यायामशाला | प्रति वर्ष | ५००।- |
| 11613 | फ्याक्स, फोटोकपी सेन्टर, ईमेल ईन्टरनेट पसल | प्रति वर्ष | १०००। |
| 11613 | कुरीयर सेवा | प्रति वर्ष | ५००।- |
| 11613 | एफ.एम.रेडियो स्टेसन | प्रति वर्ष | १०००।- |
| 11613 | व्युटिपार्लर,केश श्रृङगार्र आदी | प्रति वर्ष | ५००।- |
| 11613 | हेयर कटिङ पसल | प्रति वर्ष | ५००।- |
| 11613 | ढेबली व्यवसाय | प्रति वर्ष | ५००।- |

| | | | |
|---|---|---|---|
| 11613 | भाँडाकुडा विक्रेता पसल | प्रति वर्ष | १०००।- |
| 11613 | खेलौना उपहार तथा गिफ्ट विक्रेता | प्रति वर्ष | १०००।- |
| 11613 | केबुल नेटवर्क | प्रति वर्ष | १०००।- |
| 11613 | एग्रोभेट सेन्टर | प्रति वर्ष | १०००।- |
| 11613 | म्यानपावर कम्पनी शाखा कार्यालय | प्रति वर्ष | ५०००।- |
| 11613 | ईट्टा,ढुङ्गा उद्योग बिक्रि डिपो | प्रति वर्ष | ५०००।- |
| 11613 | ग्याँस विक्रेता | प्रति वर्ष | १०००।- |
| 11613 | ड्राई क्लीनर्स | प्रति वर्ष | ५००।- |
| 11613 | मोबाईल टावर शुल्क एलसेल | प्रति टावर प्रति वर्ष | १००००।- |
| 11613 | कपडा पसल | प्रति वर्ष | १०००।- |
| 11613 | सिलाई कटाई तालिम गराउने केन्द्र | प्रति वर्ष | ५००।- |
| 11613 | छालाका जुता चप्पल पसल | प्रति वर्ष | ५००।- |
| 11613 | तरकारी फलफुल पसल | प्रति वर्ष | ५००।- |
| 11613 | रुई धुलाइ,कपडा पेल्ने,सिरक गद्धा निर्माण उद्योग र विक्रेता | प्रति वर्ष | २०००।- |
| 11613 | चस्मा विक्रि तथा मर्मत गर्ने पसल | प्रति वर्ष | १०००।- |
| 11613 | कपडा स्वरुम सहितको टेलरिङ्ग पसल | प्रति वर्ष | २०००।- |
| 11613 | आर्ट सेन्टर (फ्लेक्स प्रिन्ट) | प्रति वर्ष | १०००।- |
| 11613 | आर्ट सेन्टर साधारण | प्रति वर्ष | ५००।- |
| 11613 | फेन्सी पसल | प्रति वर्ष | १०००।- |
| 11613 | टेलरिङ पसल | प्रति वर्ष | ५००।- |
| 11613 | कवाडी पसल | प्रति वर्ष | २०००। |
| 11613 | क्रसर उद्योग | प्रति वर्ष | १०००००। |
| 11613 | सिमेन्ट उद्योग | प्रति वर्ष | ६०००००। |

अनुसूचि ५

(दफा (६) सँग सम्बन्धित)

**जडिबुटी, कवाडी र जीवजन्तु  कर**

| क.सं. | विवरण | इकाई | आ.व.२०७८/०७९ का लागि अनुमानित दररेट |
|---|---|---|---|
| 1 | बांस | गोटा | ००।५० पैसा |
| 2 | साल (चट्टा ,गोलिया ,चिरान ) | ट्रक र | रु ३०००।०० |
| | | ट्याक्टर | रु १०००।०० |
| 3 | अन्य काठ ,गोलिया ,चिरान | ट्रक | रु १५००।०० |
| | | ट्याक्टर | रु ५००।०० |
| ४ | खोटो,लिसा | के.जी. | रु.१।०० |
| ५ | जडिबुटि सवै(प्रचलित वन नियमावलीमा तोकिएको) | | मूल्यको ५ प्रतिशत |

अनुसूचि ६

(दफा (७) सँग सम्वन्धित)

**पार्किङ्ग शुल्क**

| राजस्व संकेत नं. | सेवाका प्रकार तथा विवरण | आ.व.२०७८/०७९ का लागि अनुमानित दररेट | कैफियत |
|---|---|---|---|
| 14241 | मोटर साइकल | 10 | |
| 14241 | कार, जीप, भ्यान | 30 | |
| 14241 | ट्याक्टर | 40 | |
| 14241 | मिनी बस, मिनी ट्रक | 40 | |
| 14241 | बस, ट्रक | 50 | |
| 14241 | हेभी, गाडी, डोजर, केन | 100 | |

पुरन्धारा क्षेत्रको पार्किङ्ग शुल्क

| | | | |
|---|---|---|---|
| 14241 | मोटर साइकल | 30 | |
| 14241 | कार, जीप, भ्यान | 200 | |
| 14241 | अटो | 50 | |
| 14241 | बस, ट्रक | 300 | |

अनुसूचि ७

दफा (८) सँग सम्बन्धित

**विज्ञापन कर**

| राजस्व संकेत नं. | सेवाका प्रकार तथा विवरण | आ.व.२०७८/०७९ का लागि अनुमानित दररेट | कैफियत |
|---|---|---|---|
| 11472 | डिजीटल डिस्प्ले प्रति वर्ग फुट | 10 | |
| 11472 | पर्खाल, बार, भित्तामा कम्पनी संस्थाको रंग पोतेको प्रति वर्ग फुट | 30 | |
| 11472 | साइन बोर्ड, होडिंग बोर्ड प्रति वर्ग फुट | 40 | |

अनुसूचि ८

दफा (९) सँग सम्बन्धित

**मनोरञ्जन कर** (वार्षिक)

| राजस्व संकेत नं. | सेवाका प्रकार तथा विवरण | आ.व.०७७/०७८ स्वीकृत दर रेट | कैफियत |
|---|---|---|---|
| 11471 | चलचित्र कर | प्रतिदिन १००० | |
| 11473 | मेला शुल्क आयोजकबाट | प्रतिदिन ३००० | |

अनुसूचि ९

दफा (१०) सँग सम्बन्धित

**बहाल विटौरी शुल्क**

| राजस्व संकेत नं. | सेवाका प्रकार तथा विवरण | परिमाण | आ.व.२०७८/०७९ का लागि अनुमानित दररेट |
|---|---|---|---|
| 11322 | बजार क्षेत्र कच्ची संरचना | प्रति संरचना | 200 |
| 11322 | बजार क्षेत्र पक्की संरचना | प्रति कोठा | 200 |

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| 11322 | ग्रामीण क्षेत्र कच्ची संरचना | प्रति संरचना | 150 |
| 11322 | ग्रामीण क्षेत्र पक्की संरचना | प्रति कोठा | 200 |
| 11322 | बजार क्षेत्र जग्गा | एक धुर देखी एक कठ्ठा सम्म | 100 |
| 11322 | बजार क्षेत्र जग्गा | एक कठ्ठा भन्दा बढी थप प्रति कठ्ठा | 50 |
| 11322 | ग्रामीण क्षेत्र जग्गा | एक धुर देखी एक कठ्ठा सम्म | 50 |
| 11322 | ग्रामीण क्षेत्र जग्गा | एक कठ्ठा भन्दा बढी थप प्रति कठ्ठा | 25 |
| | | | |

अनुसूचि १०

दफा ११ सँग सम्वन्धित

**सेवा शुल्क दस्तुर**

| राजस्व संकेत नं. | सिफारिस तथा प्रमाणित | परिमाण | आ.व.२०७८/०७९ का लागि अनुमानित दररेट |
|---|---|---|---|
| 14245 | निवेदन दस्तुर | प्रति सेवा | 10 |
| 14245 | नाता प्रमाणित (स्वदेश प्रयोजन) | प्रति सेवा | 250 |
| 14245 | नाता प्रमाणित (विदेश प्रयोजन) | प्रति सेवा | 500 |
| १४२४३ | नागरिकता सिफारिस | प्रति सेवा | 150 |
| १४२४३ | नागरिकता प्रतिलिपि सिफारिस | प्रति सेवा | 150 |
| १४२४३ | अंगिकृत नागरिकता सिफारिस | प्रति सेवा | 500 |
| १४२४३ | बहाल करको लेखाजोखा सिफारिस | प्रति सेवा | 200 |
| १४२४३ | बन्द घर तथा कोठा खोल्न रोहवरमा बस्ने सिफारिस | प्रति सेवा | 200 |
| १४२४३ | मोही लगत कट्टाको सिफारिस | प्रति सेवा | 300 |
| १४२४३ | घर जग्गा करको लेखाजोखा सिफारिस | प्रति सेवा | 300 |
| १४२४३ | जन्म मिति प्रमाणित तथा सिफारिस | प्रति सेवा | 200 |
| १४२४३ | व्यापार व्यवसाय बन्द भएको,संचालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस | प्रति सेवा | 200 |
| १४२४३ | विवाह प्रमाणित | प्रति सेवा | 200 |

| | | | |
|---|---|---|---|
| १४२४३ | अविवाहित प्रमाणित | प्रति सेवा | 200 |
| १४२४३ | नि:शुल्क स्वास्थ्य उपचार सिफारिस | प्रति सेवा | नि:शुल्क |
| १४२४३ | स:शुल्क स्वास्थ्य उपचार सिफारिस | प्रति सेवा | 200 |
| १४२४३ | अंग्रेजी भाषामा गरिने सबै सिफारिस तथा प्रमाणित | प्रति सेवा | 500 |
| १४२४३ | घर पाताल प्रमाणित | प्रति सेवा | 300 |
| १४२४३ | व्यक्तिगत विवरण प्रमाणित | प्रति सेवा | 200 |
| १४२४३ | पारिवारिक विवरण प्रमाणित | प्रति सेवा | 200 |
| १४२४३ | जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम सिफारिस | प्रति सेवा | 300 |
| १४२४३ | नाम,थर,जन्ममिति तथा वतन फरक-फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस | प्रति सेवा | 300 |
| १४२४३ | जग्गा धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस | प्रति सेवा | 300 |
| १४२४३ | कित्ताकाट सिफारिस | प्रति सेवा | 300 |
| १४२४३ | जग्गा रजिष्ट्रेसन सिफारिस ( सुर्खेत रोडले छोएको) | प्रति सेवा | 1000 |
| १४२४३ | जग्गा रजिष्ट्रेसन सिफारिस ( भित्री सडकले छोएको) | प्रति सेवा | 700 |
| १४२४३ | जग्गा रजिष्ट्रेसन सिफारिस ( पहाडी क्षेत्र) | प्रति सेवा | 500 |
| १४२४३ | जग्गा रजिष्ट्रेसन सिफारिस थप प्रति कित्ता | प्रति सेवा | 50 |
| १४२४३ | संस्थागत संरक्षक प्रमाणित तथा सिफारिस | प्रति सेवा | 300 |
| १४२४३ | व्यक्तिगत संरक्षक प्रमाणित तथा सिफारिस | प्रति सेवा | 200 |
| १४२४३ | अशक्त,असहाय तथा अनाथ पालन पोषण सिफारिस | प्रति सेवा | नि:शुल्क |
| १४२४५ | जीवितसँगको नाता प्रमाणित | प्रति सेवा | 200 |
| १४२४५ | मृतकसँगको नाता प्रमाणित | प्रति सेवा | 200 |
| १४२४३ | जीवित रहेको सिफारिस | प्रति सेवा | 200 |
| १४२४३ | हकवाला वा हकदार प्रमाणित | प्रति सेवा | 200 |
| १४२४३ | जग्गाको नामसारी सिफारिस | प्रति सेवा | 300 |
| १४२४३ | पटके सिफारिस | प्रति सेवा | 500 |

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| १४२४३ | घर कायम सिफारिस | प्रति सेवा | 1000 |
| १४२४३ | राजिनामा, बकसपत्र सिफारिस | प्रति सेवा | 500 |
| १४२४३ | अशंवण्डा सिफारिस | प्रति सेवा | 500 |
| १४२४३ | जग्गाको हक सम्बन्धी सिफारिस | प्रति सेवा | 300 |
| १४२४३ | ठुला उद्योग नामसारी, ठाउँसारी सिफारिस | प्रति सेवा | 2000 |
| १४२४३ | मझौला उद्योग नामसारी, ठाउँसारी सिफारिस | प्रति सेवा | 1500 |
| १४२४३ | साना उद्योग नामसारी, ठाउँसारी सिफारिस | प्रति सेवा | 1000 |
| १४२४३ | ठुला उद्योगा दर्ता सिफारिस | प्रति सेवा | 3000 |
| १४२४३ | मझौला उद्योग दर्ता सिफारिस | प्रति सेवा | 2000 |
| १४२४३ | साना तथा उद्योग दर्ता सिफारिस | प्रति सेवा | 1000 |
| १४२४३ | कुटानी मिल दर्ता तथा बिक्री सिफारिस | प्रति सेवा | 1000 |
| १४२४३ | कुटानी पिसानी मिल दर्ता तथा बिक्री सिफारिस | प्रति सेवा | 1500 |
| १४२४३ | कुटानी, पिसानी,पेलानी मिल दर्ता तथा बिक्री सिफारिस | प्रति सेवा | 2000 |
| १४२४३ | काठ चिरानी मिल दर्ता सिफारिस | प्रति सेवा | 2000 |
| १४२४३ | फर्निचर उद्योग दर्ता सिफारिस | प्रति सेवा | 1000 |
| १४२४३ | औषधि पसल दर्ता सिफारिस | प्रति सेवा | 500 |
| १४२४३ | मासु पसल दर्ता सिफारिस | प्रति सेवा | 500 |
| १४२४३ | एफ.एफ. रेडियो संचालन अनुमति सिफारिस | प्रति सेवा | 5000 |
| १४२४३ | डेरी उद्योग दर्ता सिफारिस | प्रति सेवा | 1000 |
| १४२४३ | निर्माण व्यवसाय दर्ता सिफारिस | प्रति सेवा | 3000 |
| १४२४३ | मदिरा व्यवसाय दर्ता सिफारिस (खुद्रा) | प्रति सेवा | 2500 |
| १४२४३ | मदिरा व्यवसाय दर्ता शुल्क/सिफारिस (थोक) | प्रति सेवा | 5000 |
| १४२४३ | बनजन्य वस्तुको सिफारिस | प्रति सेवा | 1500 |
| १४२४३ | पर्यटन स्तरीय होटेल दर्ता सिफारिस | प्रति सेवा | 2000 |

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| १४२४३ | होटेल दर्ताको सिफारिस | प्रति सेवा | 1000 |
| १४२४३ | निजी बैंक स्थापना अनुमति सिफारिस | प्रति सेवा | 5000 |
| १४२४३ | जग्गा धनी पूर्जा प्रतिलिपि सिफारिस | प्रति सेवा | 300 |
| १४२४३ | नागरिकता बाहेकको सर्जमिन मुचुल्का | प्रति सेवा | 500 |
| १४२४३ | अमिन खटन दस्तुर प्रति कित्ता | प्रति सेवा | 3000 |
| १४२४३ | नक्सा पास प्रमाणित प्रति तला | प्रति सेवा | 1000 |
| १४२४३ | आय श्रोत प्रमाणित प्रति लाख | प्रति लाख | 100 |
| १४२४३ | व्यावसायिक फार्म दर्ता शुल्क ५ लाख सम्म | प्रति सेवा | 1000 |
| १४२४३ | व्यावसायिक फार्म दर्ता शुल्क ५ लाख भन्दा माथी प्रति लाख प्रती वर्ष | प्रति सेवा | 50 |
| १४२४३ | व्यावसायिक फार्म दर्ता सिफारिस ५ लाख सम्म | प्रति सेवा | 500 |
| १४२४३ | व्यावसायिक फार्म दर्ता सिफारिस ५ लाख भन्दा माथी प्रति लाख प्रती वर्ष | प्रति सेवा | 50 |
| १४२४३ | समुह दर्ता शुल्क/सिफारिश | प्रति सेवा | 500 |
| १४२४३ | नाम, थर, जन्म मिति सिफारिस | प्रति सेवा | 200 |
| १४२४३ | दलित सिफारिस | प्रति सेवा | 200 |
| १४२४३ | आदिवासी जनजाति सिफारिस | प्रति सेवा | 200 |
| १४२४३ | अन्य सिफारिस | प्रति सेवा | 250 |
| १४२४३ | परामर्श सेवा दर्ता सिफारिस | प्रति सेवा | 1500 |
| १४२४३ | अन्य व्यवसाय दर्ता सिफारिस | प्रति सेवा | 1000 |
| १४२४३ | संघ संस्था दर्ता शुल्क/सिफारिस | प्रति सेवा | 500 |
| १४२४३ | उजुरी निवेदन दस्तुर | प्रति सेवा | 100 |
| १४२४३ | मिलापत्र दस्तुर दुवै पक्षवाट | प्रति सेवा | 400 |
| १४२४३ | संघ संस्था,फर्म तथा समुह नवीकरण शुल्क | प्रति सेवा | 300 |
| १४२४३ | व्यक्तिगत घटना दर्ता जरिवाना शुल्क | प्रति सेवा | 50 |
| १४२४३ | घर जग्गा मूल्यांकन सिफारिस (१ लाख देखि १० लाख सम्म) | प्रति सेवा | 1000 |

गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| १४२४३ | घर जग्गा मूल्यांकन सिफारिस (१० लाख देखि २० लाख सम्म) | प्रति सेवा | 2000 |
| १४२४३ | घर जग्गा मूल्यांकन सिफारिस (२० लाख देखि ५० लाख सम्म) | प्रति सेवा | 3000 |
| १४२४३ | घर जग्गा मूल्यांकन सिफारिस (५० लाख देखि १ करोड सम्म) | प्रति सेवा | 5000 |
| १४२४३ | घर जग्गा मूल्यांकन सिफारिस (१ करोडभन्दा माथि प्रति लाख) | प्रति सेवा | 100 |
| १४२४३ | कच्ची घरको खानेपानी, विद्युत र टेलिफोन नामसारी, ठाउँसारी सिफारिश) | प्रति सेवा | 300 |
| १४२४३ | पक्की घरको खानेपानी, विद्युत र टेलिफोन नामसारी, ठाउँसारी सिफारिश) | प्रति सेवा | 500 |
| १४२४३ | खानेपानी जडान सिफारिश | प्रति सेवा | 200 |
| १४२४३ | टेलिफोन जडान सिफारिश | प्रति सेवा | 300 |
| १४२४३ | विद्युत मिटर जडान सिफारिस(कच्ची घर) | प्रति सेवा | 350 |
| १४२४३ | विद्युत मिटर जडान सिफारिस(पक्की घर) | प्रति सेवा | 500 |
| १४२४३ | विद्युत मिटर जडान सिफारिस (व्यावसायिक) | प्रति सेवा | 1000 |
| १४२४३ | चार किल्ला प्रमाणित (पहाडी क्षेत्र) प्रति कित्ता | प्रति सेवा | 400 |
| १४२४३ | चार किल्ला प्रमाणित (कच्ची सडकले छोएको) प्रति कित्ता | प्रति सेवा | 700 |
| १४२४३ | चार किल्ला प्रमाणित (ग्राबेल सडकले छोएको) प्रति कित्ता | प्रति सेवा | 1000 |
| १४२४३ | चार किल्ला प्रमाणित (पक्की सडकले छोएको) प्रति कित्ता | प्रति सेवा | 1500 |
| १४२४३ | चार किल्ला प्रमाणित (सडकले नछोएको) प्रति कित्ता | प्रति सेवा | 400 |
| १४२४३ | चार किल्ला प्रमाणित (कच्ची सडकले छोएको) थप प्रति कित्ता | प्रति सेवा | 50 |
| १४२४३ | चार किल्ला प्रमाणित (पक्की सडकले छोएको) थप प्रति कित्ता | प्रति सेवा | 100 |
| १४२४३ | चार किल्ला प्रमाणित (पक्की घर सहित) थप प्रति कित्ता | प्रति सेवा | 1500 |
| १४२४३ | घडेरी प्लटिङमा बाटोको लगत कट्टी (१ कट्ठासम्म ) | प्रति सेवा | 1000 |
| १४२४३ | घडेरी प्लटिङमा बाटोको लगत कट्टी (१ कट्ठादेखि ५ कट्ठासम्म ) | प्रति सेवा | 2000 |
| १४२४३ | घडेरी प्लटिङमा बाटोको लगत कट्टी (५ कट्ठादेखि १० कट्ठासम्म ) | प्रति सेवा | 4000 |
| १४२४३ | घडेरी प्लटिङमा बाटोको लगत कट्टी (१० कट्ठादेखि २० कट्ठासम्म ) | प्रति सेवा | 6000 |

| | | | |
|---|---|---|---|
| १४२४३ | घडेरी प्लटिङमा बाटोको लगत कट्टी (२० कठ्ठाभन्दा बढी ) | प्रति सेवा | 8000 |
| १४२४३ | जग्गा रजिष्ट्रेशन पास पहिलो कित्ता | प्रति सेवा | 500 |
| १४२४३ | पहिलो कित्ता पछि थप प्रति कित्ता | प्रति सेवा | 100 |
| १४२४३ | ट्रेस नक्सा निर्माण प्रति कित्ता | प्रति सेवा | 250 |
| १४२४३ | ट्रेस नक्सा प्रमाणित प्रति कित्ता | प्रति सेवा | 150 |
| १४२४२ | आरसिसि युक्त घरको नक्सा पास शुल्क (सुर्खेत राजमार्ग क्षेत्रमा प्रति वर्ग फुट) | प्रति वर्ग फुट | 10 |
| १४२४३ | आरसिसि युक्त निर्माण भइसकेको घरको नक्सा पास शुल्क ( सुर्खेत राजमार्ग क्षेत्रमा प्रति वर्ग फुट) | प्रति वर्ग फुट | 12 |
| १४२४३ | आरसिसि युक्त घरको नक्सा पास शुल्क (अन्य क्षेत्रमा प्रति वर्ग फुट) | प्रति वर्ग फुट | 8 |
| १४२४३ | आरसिसि युक्त निर्माण भइसकेको घरको नक्सा पास शुल्क (अन्य क्षेत्रमा प्रति वर्ग फुट) | प्रति वर्ग फुट | 10 |
| १४२४३ | पक्की ईटाको गारो भएको टिनको छाना भएको घर | प्रति वर्ग फुट | 5 |
| १४२४३ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | प्रति सेवा | नि:शुल्क |
| १४२४३ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | प्रति सेवा | 1000 |
| १४२४३ | पेन्सन सिफारिस (नेपाली) | प्रति सेवा | 500 |
| १४२४३ | पेन्सन सिफारिश (भारतीय) | प्रति सेवा | 1000 |
| १४२४३ | पेन्सन सिफारिश (बेलायती) | प्रति सेवा | 1500 |
| १४२४३ | पेन्सन सिफारिस (अन्य राष्ट्र) | प्रति सेवा | 1500 |
| १४२४३ | भरुवा बन्दुक नविकरण (जिल्ला भर) | प्रति सेवा | 200 |
| १४२४३ | भरुवा बन्दुक नविकरण (नेपाल भर) | प्रति सेवा | 400 |
| १४२४३ | नयाँ घट्ट दर्ता सिफारिस | प्रति सेवा | 100 |
| १४२४३ | विद्युतबाट चल्ने घट्ट दर्ता सिफारिस | प्रति सेवा | 1000 |
| १४२४३ | घट्ट बन्द सिफारिस | प्रति सेवा | 100 |
| १४२४३ | स्थायी बसोबास प्रमाणित | प्रति सेवा | 200 |
| १४२४३ | नावालक सिफारिस | प्रति सेवा | 150 |
| १४२४३ | चारीत्रिक प्रमाणित | प्रति सेवा | 200 |

गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| १४२४३ | व्यवसाय बन्द तथा नाम परिवर्तन सिफारिश | प्रति सेवा | 300 |
| १४२४३ | प्लटिङ्ग इजाजत प्रति कट्टा | प्रति सेवा | 5000 |
| १४२४३ | जग्गाको हक सम्बन्धी सिफारिस (सार्वजनिक, ऐलानी तथा पर्ति जग्गा बाहेक) | प्रति सेवा | 500 |
| १४२४३ | योजना सम्झौता (१ लाख सम्म) | प्रति सेवा | 200 |
| १४२४३ | योजना सम्झौता (थप प्रति लाख ) | प्रति सेवा | 200 |
| १४२४३ | करचुक्ता सिफारिस | प्रति सेवा | 250 |
| १४२४३ | घरबाटो प्रमाणित सिफारिस | प्रति सेवा | 500 |
| १४२४३ | गाउंपालिका कार्यालयबाट हुने सिफारिस दस्तुर | प्रति सेवा | २५० |
| १४२४३ | गा.पा.बाट जाली, ह्युमपाईप र विधुत पोल उपलब्ध गराए वापतको सेवा शुल्क | जाली प्रति गोटा | १०० |
| | | ह्युमपाईप प्रति गोटा | ५०० |
| | | पोल प्रति गोटा | २०० |

## निष्कर्ष तथा सुझावहरु :

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार आफैले राजश्वको दर र दायरा तोकी आन्तरिक आय संकलन गरि सवल र सक्षम स्थानीय सरकार निर्माण गर्न पाउने व्यवस्था भए अनुसार स्थानीय तहमा राजश्वको संभाव्यता खोजी गर्नुपर्ने चुनौती छ भने अर्को तर्फ सर्वसुलभ रुपमा नागरिकलाई न्यून लागतमा सेवा प्रवाह गर्नुपर्ने आवश्यकता पनि छ । यी दुवै विषयका वावजुत बबई गाउँपालिकाले आगामी आ.व. २०७८।०७९ का लागि राजश्व प्रतिवेदन तयार पारेको छ । स्थानीय सरकारको सक्षमताको आधार आन्तरिक राजश्व संकलन र वृद्धि रहेको तथा यसको दृघकालिन व्यवस्थापनवाट नै स्थानीय सरकारको दिगो आधार तय हुने भएकाले अव उप्रान्त स्थानीय सरकारले आन्तरिक राजश्वलाई मजवुद गराउनुपर्ने आवश्यकता वढेर गएको छ । स्थानीय सरकार संचालन ऐनले दिएको अधिकार र नेपालको संविधान, २०७२ को अनुसूची ८ मा उल्लेखित एकल अधिकारका विषयहरुमा राजश्व सम्वन्धी स्थानीय कानुन तर्जुमा गरि राजश्व सुधार कार्ययोजना, राजश्व असुली कार्ययोजना तयार गरि स्थानीय आय संकलन प्रक्रिया अगाडी वढाउन सकिने आधार प्राप्त छ । उल्लेखित आधारहरुलाई ध्यानमा राखी स्थानीय आयका क्षेत्रहरुको सरोकारवालाहरुको वृहत छलफल, अन्तरक्रिया र सहभागिता गराई करका दायराहरुलाई वृद्धि गर्दै जानुपर्ने देखिन्छ ।

त्यस्तै स्थानीय करका दायराहरुमा समेत समसामहिक रुपमा सरोकारवाला निकाय, स्थानीय उद्योग वाणिज्य संघ, चेम्वर अफ कमर्श समेतको सहभागीमा सुधार गर्दै जानुपर्ने देखिन्छ । यसो गर्न सकेको

खण्डमा मात्र स्थानीय तहलाई सक्षम र मजवुद वनाउन सकिन्छ भने अर्को तर्फ स्थानीय नागरिकहरुको आवश्यकता र अपेक्षालाई समेत सम्वोधन गर्न सहजता मिल्न सक्ने देखिन्छ ।

यो प्रतिवेदनवाट यस बबई गाउँपालिकाको आन्तरिक आय श्रोतको वर्तमान अवस्था देखिने र आगामी वर्षहरुमा राजश्व संकलन र परिचालनका लागि चाल्नुपर्ने विषयहरुमा समेत उजागर गर्ने भएकोले यसको सफल कार्यान्वयनमा सिंगो गाउँपालिका लाग्नु पर्ने देखिन्छ । राजश्व सम्भाव्यता अध्ययनको सिलसिलामा देखिएका केही सुझावहरुलाई देहाय अनुसार उल्लेख गरिएको छ ।

१. सवै नागरिकलाई करको दायरामा ल्याउन करदाता शिक्षा कार्यक्रम लागु गर्ने ।

२. व्यापक प्रचार प्रसार गर्ने ।

३. व्यवसायिहरुको अभिलेख तयार गर्ने र दर्ता हुन नआएका व्यवसायीलाई गाउँपालिकामा व्यवसाय दर्ता गर्न प्रोत्साहित गर्ने ।

४. समय समयमा कर संकलन अभियान संचालन गर्नुपर्ने ।

५. गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको विकास गरि ति क्षेत्रलाई करको दायरामा ल्याई आन्तरिक आयलाई वृद्धि गर्ने ।

६. फोहोर गर्नेले कर तिर्नुपर्छ भन्ने मान्यताको विकास गरि सवै सरोकारवालाको समन्वयमा फोहोरमैला शुल्क लगाउनुपर्ने ।

७. वार्षिक राजश्व संकलन कार्ययोजना वनाई नियमित रुपमा वडाहरुमा अनुगमन गरि कार्ययोजना अनुसार राजश्व संकलन गर्ने ।

८. सम्पती करलाई आन्तरिक आयको प्रमुख श्रोतका रुपमा विकास गरि आन्तरिक आय वृद्धि गर्ने ।

९. सरोकारवाला सवैको समन्वयमा ढुंगा, गिट्टी, वालुवाको चोरी निकासी नियन्त्रण गरि उक्त श्रोतवाट राजश्व संकलन कार्यलाई प्रभावकारी वनाउने ।

**राजश्व परामर्श समितिका सदस्यहरु :**

१. सावित्री विश्वकर्मा - संयोजक
२. भीष्म कुमार मल्ल - सदस्य
३. टंकराज विश्वकर्मा - सदस्य
४. रुपा राना - सदस्य
५. टिकाराम केसी - सदस्य
६. युवराज कडेल - सदस्य